| २०७७ बैशाख १ देखि साउन १० गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १२९ | ४५ | ११५ | ६ | ७ | ३ | ४७ | ० | १६१ |

| २०७७ जेठ ३० मनसुन सुरु भएदेखि साउन १० गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १२७ | ४५ | ११४ | ३ | ६ | १ | १७ | ० | ४२ |

# दैनिक विपद् बुलेटिन

१० साउन विहान १०:०० बजेदेखि ११ साउन बिहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर ४ स्थानमा **पहिरो,** ३ स्थानमा **आगलागी**, १ स्थानमा **जंगली भालुको आक्रमण**का घटना घटेका छन् । यी घटनामा परेर १ जनाको **मृत्यु,** १ जना **बेपत्ता,** २ जना **घाईते** भएका छन् । **पहिरो**का कारण २ स्थानमा **बाटो अवरुद्ध** भएका छन् ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| १ | १ | ८ | २ | १८,८०,००० | २ | ० |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **२२** वटा घट्नाहरु भएका छन् ।
- **बाग्लुङ्ग**को बागलुङ नगरपालिका वडा नं १ निरहुघाटस्थित सदरमुकामबाट निरहुघाट जाने कच्ची सडक खण्डमा पहिले आएको पहिरो जे.सि.वी. लगाएर पन्छाउने क्रममा पुनः माथिबाट ठुलो **पहिरो** आई माटो खन्न प्रयोग भएको ग १ क ४७३२ नं.को जेसिबी माटो ओसार्ने काममा प्रयोग भएको ग १ क ४६३७ नं.को टिप्पर र ध १ त ४०७ नं.को ट्याक्टर पुरिएको साथै जेसिबी चालक **घाईते**, टिप्पर चालक **बेपत्ता**, र ट्याक्टर चालकको **मत्यु** ।
- **सोलुखुम्बु**को सोताङ गाउँपालिका वडा नं ५ मसेदास्थित आफ्नै बारीमा घाँस काट्न जाने क्रममा एक जनालाई **जंगली भालुले आक्रमण** गर्दा **घाईते** ।
- **बारा**को गते जितपुर सिमरा उपमहानगरपालिका वडा नं ९ नितनपुरस्थित आरति साबुन फ्याक्ट्रीमा साबुन बनाउने केमिकल मेसिनमा तार सर्ट भई **आगलागी** हुदा **१० लाख** रुपैंया बराबरको मेशिन पुर्ण रुपमा जली नष्ट ।
- **गोरखा**को धार्चे गाउँपालिका वडा नं ७ माबुडांडास्थित न्याउली खोलामा राति आएको **पहिरो**को कारण थुनिई ताल बनेको । हाल उक्त ताल फुटेर पानी बग्न शुरु भइसकेको ।

## घट्नासारांश...

- **काठमाडौं**को चन्द्रागिरी नगरपालिका वडा नं ३ थानकोटस्थित एक कुखुरा फर्ममा बिधुत सर्ट भई भएको **आगलागी**बाट फर्ममा रहेको २०० वटा चल्ला जली **७ लाख ३० हजार** रुपैंया बराबरको क्षति । काठमाण्डौ महानगरपालिका वडा नं १ कमलादी राईजिङ मल अगाडी बिजुलीको पोलमा बिजुली सर्ट भई **आगलागी** हुँदा नजिकैको एक घरको अगाडीको सिसा, वाईरिङ तार र जस्ता समेत जलेर **१ लाख ५० हजार** रुपैंया बराबरको क्षति ।

## बाटो अवरोध

- **गुल्मी**को रुरुक्षेत्र नगरपालिका वडा नं १ खोपास्थित **रिडी रुद्रवेनी सडक खण्ड** मा माथिबाट **पहिरो** खसि **बाटो पुर्ण रुपमा बन्द** ।
- **ताप्लेजुङ्ग**को आठराई त्रिबेणी गाउँपालिका वडा नं ३ हाङगामस्थित हाङपाङ र फुलबारी जोड्ने कच्चि सडक खण्डमा अविरल वर्षापछि आएको **पहिरो**का कारण **बाटो अबरुद्ध** ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट पहिरो र जंगली भालुको आक्रमणका कारण घाइते भएका व्यक्तिहरुको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पुर्याइएको, पहिरोमा परी बेपत्ता भएकाको खोजी कार्य जारी रहेको र स्थानीयको सहयोगमा पहिरोबाट अबरुद्ध भएका बाटोहरु खुलाउने प्रयास भइरहेको ।

## बाढी पूर्वानुमान

श्रावण-११ (आईतबार) (विहान ७ बजे देखि २४ घण्टा)


- **आज कोशी र नारायणीमा बहाव सामान्य घटबढ हुने, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव केही बढ्ने तर सबैमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाव केही घटबढ हुने र सबैमा सतर्कता तलै हुने पूर्वानुमान छ ।**
- **आज ईलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सिराहा, धनुषा, महोतरी, रौतहट, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाण्डौ उपत्यका, गोरखा, धादिङ, लमजुङ, तनहूँ, स्याङ्जा, कास्की, पर्वत, म्याग्दी, चितवन, नवलपरासी, कपिलबस्तु, अर्घाखाँची, गुल्मी, पाल्पा, रोल्पा, प्यूठान, रुकुम, दाङ, बाँके, बर्दिया, सुर्खेत, दैलेख, कैलाली, कञ्चनपुर, डडेलधुरा, डोटी, बैतडी र आसपास भई बहने केही साना नदीमा बहाव केही बढ्ने तर सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ ।**

**थप जानकारीका लागि** जल तथा मौसम विज्ञान विभाग**को वेभसाइटः[http://hydrology.gov.np/](http://hydrology.gov.np/)**

## वर्षाको सारांश

साउन १० गते बिहान ०८:४५ बजे देखि साउन ११ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०४/११ गते बिहान ०८:४५ बजे २०१ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ८३ र स्वचालितः ११८) मा मापन गरिएको वर्षाको विवरण अनुसार १२५ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (८३ मि. मी.) दोलखा जिल्लाको चरिकोट केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, ६ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र २६ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि [www.dhm.gov.np/climate/](http://www.dhm.gov.np/climate/)मा हेर्नुहोस।**